# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## पोखरा
मासबार, कास्की

☎ ०६१-५७२७०१, ५७२७०२
E-mail: ciaapkr@gmail.com
गुगल प्लस कोड 6 x 6F+65 Pokhara

पत्र संख्या :- ०८०/०८१- प्रशासन
चलानी नं.:- ३६२०८

मितिः२०८०।१०।०५

विषयः निबन्ध प्रतियोगिता सम्बन्धमा ।

**श्री शिक्षा शाखा प्रमुख- सबै स्थानीय तह,**
**गण्डकी प्रदेश (नवलपरासी पूर्व जिल्ला वाहेक)**

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवस (माघ-२८) को अवसरमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुबिच **भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन** बिषयक निबन्ध प्रतियोगिता संचालन हुने भएकोले यसै पत्रसाथ संलग्न सूचना (पाना-२) बमोजिम निबन्ध प्रतियोगितामा सहभागिताका लागि आ-आफ्नो कार्यक्षेत्रभित्र रहेका सबै विद्यालयहरुलाई जानकारी गराई सहभागिको निबन्ध मिति २०८०/१०/१९ गते भित्र यस कार्यालयमा आइपुग्ने व्यवस्था गरिदिनुहुन अनुरोध छ ।

..............................
(बिन्दु कला भण्डारी)
शाखा अधिकृत

(सम्पर्कका लागि शा.अ.- (शिक्षा)बबिता शर्मा सम्पर्क नं. ९८५७६३३३५५, ०६१५७२७०२, Email: ciaapkr@gmail.com

# अख्तियार दुरूपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

## निबन्ध लेखन प्रतियोगितासम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/१०/०४)

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तेत्तिसौं स्थापना दिवस (२०८० माघ २८) को अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. निबन्धको शीर्षक :- आयोग मातहतका कार्यालयहरुबाट आयोजना हुने प्रतियोगिताका लागि निबन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ।(*द्रष्टव्यः निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ* )

२. प्रतियोगिताका सहभागी :- देशभरका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरु।

३. निबन्धको शब्द सीमा :- निबन्ध न्यूनतम २००० देखि अधिकतम २५०० शब्दमा नबढाई लेख्नुपर्नेछ।

४. निवन्धको भाषा :- निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न राखी आफ्नो जिल्लासँग सम्बन्धित कार्यक्षेत्र रहेको आयोगको कार्यालयमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

| क्र. सं. | आयोगको कार्यालय | सम्पर्क नम्बर | इमेल ठेगाना | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | ईटहरी | ०२५-५८६९७० | itahari@ciaa.gov.np | ताप्लेजुङ्ग, पाँचथर, ईलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, झापा, मोरङ, सुनसरी, सप्तरी र उदयपुर (१२ जिल्ला) |
| २ | बर्दिवास | ०४४-५५०६८६<br>०४४-५५०७५७ | ciaabardibas@gmail.com | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, सिन्धुली र रामेछाप (९जिल्ला) |
| ३ | हेटौंडा | ०५७-५२३२७७ | ciaamro@gmail.com | रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाण्डौ, भक्तपुर र ललितपुर (१४ जिल्ला) |

| | | | | |
|---|---|---|---|---|
| ४ | पोखरा | ०६१-५७२७०१<br>०६१-५७२७०२ | ciaapkr@gmail.com | गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ (१० जिल्ला) |
| ५ | वुटवल (सम्पर्क कार्यालय नेपालगंज समेत) | ०७१-५४००३१ | butwal@ciaa.gov.np | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ, बाँके, बर्दिया र रोल्पा (१२ जिल्ला) |
| ६ | सुर्खेत | ०८३-५२१९६० | ciaa.surkhet@ciaa.gov.np<br>ciaasurkhet@gmail.com | रुकुम (पूर्वी भाग), रुकुम(पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान (११ जिल्ला) |
| ७ | कञ्चनपुर | ०९९-५२०३६८ | ciaa.kanchanpur@ciaa.gov.np | बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा , कैलाली र कञ्चनपुर (९जिल्ला) |

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले मिति २०८० साल माघ १९ गतेसम्म सम्बन्धित कार्यालयमा आइपुग्ने गरी आफ्नो निबन्ध पठाउन/इमेल गर्नुपर्नेछ।

७. पुरस्कार :- आयोग मातहतका कार्यालयमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ।

| | | | |
|---|---|---|---|
| १. प्रथम | - रु. १५,०००।- | (पन्ध्र हजार) | - १ जनालाई |
| २. द्वितीय | - रु. १२,०००।- | (बाह्र हजार) | - १ जनालाई |
| ३. तृतीय | - रु. १०,०००।- | (दश हजार) | - १ जनालाई |